# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७३/१०/११ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

-------------------------------------------------------------

शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, सुर्खेतबाट संचालित गुटु स्वास्थ्य चौकी, सुर्खेतको भवन निर्माण कार्य कन्ट्रयाक्टर मैनाचुली सुरुची जे.भी सब कन्ट्रयाक्टर मजदुर कन्स्ट्रक्सन, सुर्खेतसंग सम्झौता भई निर्माण भईरहेकोमा ठेकेदारले सम्झौता तथा मापदण्ड अनुसार जमीन मुनि बिम हाल्नुपर्नेमा नहाली पिलरहरु समेत बाङ्गो बनाई मापदण्ड विपरित कार्य गरेकोले कारबाही गरिपाउँ भन्ने समेतको उजुरी उपर अनुसन्धान हुँदा शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, सुर्खेतका डिभिजन प्रमुख विष्णुप्रसाद शर्मा, ईन्जिनियर शशिचन्द्र घिमिरे, सव-ईन्जिनियर मनोज कुमार यादव, लेखा अधिकृत तुलाराम तिवारी र निर्माण व्यवसायी राजविन्द्र प्रताप सापकोटाको आपसी मिलेमतोमा गुटु स्वास्थ्य चौकी भवन निर्माणको क्रममा ल.ई. अनुसार भवन निर्माण गर्दा Foundation Beam राख्नुपर्नेमा आफूखुसी मनासिब कारण बिना निर्धारित शर्त र मापदण्ड विपरित Foundation Beam समेत नराखी भवन निर्माण गरी गराई उक्त नगरेको कार्यको समेत झुठ्ठा बिल भरपाई बनाई पेश गरी गराई भुक्तानी लिने दिने कार्य गरी गराई निज राष्ट्रसेवकहरू विष्णुप्रसाद शर्मा, शशिचन्द्र घिमिरे, मनोज कुमार यादव र तुलाराम तिवारीले आफूहरुलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई गैरकानूनी हानि नोक्सानी पुऱ्याउने बदनियतले काम गरि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) बमोजिमको कसुर तथा उक्त निर्माण कार्यमा संलग्न निर्माण व्यवसायी राजविन्द्र प्रताप सापकोटाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूर गरेको पुष्टी हुन आएको हुँदा उक्त कार्यमा संम्लग्न तपसिलमा उल्लेखित निम्न ५ जना ब्यक्तिहरु उपर कसूरको मात्रा अनुसार कैद सजाय र बिगो बमोजिम जरिवाना हुन मागदावी लिई आज बिशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

| सि.नं | पद | नाम थर | कार्यालय | बिगो | ऐन |
|---|---|---|---|---|---|
| १. | तत्कालिन डिभिजन प्रमुख | विष्णुप्रसाद शर्मा | शहरी विकास तथा भवन निर्माण विभाग,डिभिजन कार्यालय,सुर्खेत | रु.२६,९६,७०३।२० | भ्रष्टचार निवारण ऐन,२०५९ को दफा ८(१) |
| २. | ईन्जिनियर | शशिचन्द्र घिमिरे | " | रु.२६,९६,७०३।२० | भ्रष्टचार निवारण ऐन,२०५९ को दफा ८(१) |
| ३. | लेखा अधिकृत | तुलाराम तिवारी | " | रु.२६,९६,७०३।२० | भ्रष्टचार निवारण ऐन,२०५९ को दफा ८(१) |
| ४. | सव-ईन्जिनियर | मनोज कुमार यादव | " | रु.२६,९६,७०३।२० | भ्रष्टचार निवारण ऐन,२०५९ को दफा ८(१) |
| ५. | निर्माण व्यवसायी | राजविन्द्र प्रताप सापकोटा | मैनाचुली सुरुची जे.भी सब कन्ट्राक्टर मजदुर कन्स्ट्रक्सन | रु.२६,९६,७०३।२० | भ्रष्टचार निवारण ऐन,२०५९ को दफा ८(४) |

@CIAANepal

FIGHT AGAINST CORRUPTION

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता